जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० म.वि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३८ अंक ३९ २०७७ साल असार २१ गते आइतवार (5 July 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र* – **पृष्ठ २ मा :** काँग्रेस सप्तरीद्वारा ... **पृष्ठ ३ मा :** परिपक्क कुटनीतिक ... **पृष्ठ ४ मा :** चट्याङ लागेर सप्तरीमा ... **पृष्ठ ५ मा :** समयमै वर्षा भएपछि ...

# सप्तरीका सामुदायिक विद्यालयले पाठ्यपुस्तक बितरण गर्दै

**राजविराज**/सप्तरीका अधिकांश सामुदायिक विद्यालयहरुले सरकारी पाठ्यपुस्तकहरु बितरण गरिरहेका छन् ।

कोरोना भाइरसका कारण सरकारले गत चैत ११ गतेदेखी लकडाउन गरेपछि वार्षिक परिक्षा समेत प्रभावित भएको थियो भने हालसम्म नयाँ शैक्षिक सत्रमा विद्यार्थी भर्ना हुनसकेको छैन् ।

सोही कुरालाई दृष्टिगत गरि सामुदायिक विद्यालयहरुले विद्यार्थीका लागि नयाँ पाठ्यपुस्तक सम्बन्धित विद्यालयबाट बितरण सुरु गरेको हो ।

हालसम्म सरकारले विद्यालय खोल्ने निर्णय नगरेको अवस्थामा घरमै बसेर विद्यार्थीहरु पठनपाठन गर्न सकोस् भन्ने उद्देश्यले पुस्तक बितरण गरिएको राजविराजस्थित ठाकेदेवी जोगन्द्र भगत राजदेवी माविका प्रअ दिलिप कुमार यादवले जानकारी दिए ।

विद्यालयहरुले कक्षा १ देखी १० कक्षा सम्मको विद्यार्थीहरुका लागि निशुल्क पुस्तक बितरण गरेको उनको भनाई छ ।

यस्तै राजविराजकै पविमाविका प्रअ अरुण झाले विषयगत शिक्षकहरुलाई आफ्ना विद्यार्थीहरुको सम्पर्कमा रहेर पढाउन निर्देशन दिएको बताए । उनले निकट भविष्यमा अनलाइन शिक्षा पनि संचालन गर्ने आफ्नो योजना रहेको बताए ।

विद्यालयमा ग्रामिण भेगका अधिकांश विद्यार्थी पठनपाठन गरिरहेकाले अनलाईन शिक्षा संचालनमा कठिनाई हुने भन्दै उनले भने, "यस विद्यालयमा गरिब विद्यार्थीहरु नै बढी भएकोले अनलाइन शिक्षा संचालनमा निकै कठिनाई हुनेछ ।" यद्दपी केही विद्यार्थीहरुलाई एकै ठाउँमा राखेर अनलाइन कक्षा संचालन गर्ने योजनामा रहेको उनको भनाईछ ।

यता राजविराज नगरपालिकाका विद्यालय निरिक्षक भोगेन्द्र यादवले जिल्लाभरमा क्वारेन्टाइन राखिएका विद्यालयहरु बाहेकका विद्यालयहरुमा पाठ्यपुस्तक बितरण भइरहेको जानकारी दिँदै इन्टरनेट उपलब्ध भएका विद्यार्थीहरुले अनलाइन शिक्षा समेत लिइरहेको बताए ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जेठ १८ गते वैकल्पिक प्रणालीबाट सिकाइ सहजिकरण निर्देशिका २०७७ जारी गरेको हो । यही निर्देशिकालाई आधार बनाएर असार १ देखि देशभर वैकल्पिक प्रणालीबाट बालबालिकाका लागि सिकाइ अभियान प्रारम्भ भएको छ ।

यता सप्तरीका अधिकांश सामुदायिक विद्यालयहरुले नेपाल सरकारको निर्देशन अनुसार असारको पहिलो सातादेखी विद्यार्थीहरुलाई पाठ्यपुस्तक बितरण गरिरहेको छ ।

# हनुमाननगरमा १८ जनामा संक्रमणको पुष्टि भएसँगै जिल्लमा संक्रमितको संख्या ३ सय ३

**राजविराज**/सप्तरीमा शनिबार १८ जनामा कोरोना संक्रमणको पुष्टि भएसँगै जिल्लामा संक्रमितको संख्या ३ सय ३ पुगेको छ ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकास्थित क्वारेन्टाइनमा रहेका मध्येबाट एकै दिन १८ जनामा संक्रमणको पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । योसँगै हनुमाननगरमा संक्रमितको संख्या सबैभन्दा बढी ५४ पुगेको छ ।

स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका अनुसार राजविराजमा १५, कंचनरुपमा २, डाक्नेश्वरीमा १७, बोदेबरसाईनमा ३३, खडकमा ७, शम्भुनाथमा २, सरुङ्गामा १३, हनुमाननगर कंकालिनीमा ५४ र सप्तकोशी नगरपालिकामा २ जनामा हालसम्म संक्रमणको पुष्टि भएको छ ।

त्यस्तै छिन्नमस्तामा २७, महदेवामा १५, तिरहुतमा ४, तिलाठी कोइलाडीमा ४२, अग्निीसाइर कृष्णासवरणमा ४, बलानबिहुलमा ४४, राजगढमा २० तथा रुपनी र विष्णुपुर गाउँपालिकामा १/१ जनामा संक्रमित भेटिएको उनले बताए । यस्तै जिल्लामा कोरोनाबाट निको हुनेको

*बाँकी अन्तिम पृष्ठमा*




# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# बालबालिकालाई पर्ने मनोबैज्ञानिक असरप्रति ध्यान पुगोस्

कोरोना भाइरसको त्रासका कारण हाल नेपालका सम्पूर्ण विद्यालयहरु बन्द रहेका छन् । भाइरसको त्रासका कारण सरकारले गरेको लकडाउनकाबीच गत वर्षको वार्षिक परिक्षा समेत प्रभावित बन्न पुगेको थियो । यता नयाँ शैक्षिक सत्र सुरु भएको तीन महिना बितसक्दा समेत विद्यालयहरुमा पठनपाठन हुन नसक्दा विद्यार्थीहरुमा मनोबैज्ञानिक असर पर्न थालेको छ । साना साना बालबालिकाहरु घरमा बसेर पढ्न मन्दैनन् । उनीहरु विगत चार महिनादेखी विद्यालय जान सकेका छैनन् । जसकारण बालबालिकाहरुको बानी समेतमा परिवर्तन हुँदै गएको छ । घरमा अभिभावकहरुको कुरा नमान्ने र पढाई भन्दा बढी मनोरन्जन तथा टिभि, मोबाइलमा आफ्ना ध्यान केन्द्रित गरिरहेका छन् । सरकारले विगतका परिक्षाको नतिजाका आधारमा नयाँ कक्षामा भर्ना लिन भनेपनि हालसम्म विद्यालयहरु बन्द रहेको अवस्थामा नयाँ कक्षाको पुस्तक खरीद गर्न समेत उनीहरु पाएका छैनन् ।

यसरी विद्यार्थीहरु लामो समयदेखी घरमा बस्ने बानि परिसकेकोले भविष्यमा विद्यालय खुलेपछि उनीहरुलाई विद्यालय जान अनौठो लाग्ने कुरामा दुइमत नहोला । उनीहरुमा अनुशासन समेत हराउँदै गएको छ । पढ्ने बानी पनि हराइसकेको छ । यस्तो बेलामा सरकारले बैकल्पिक शिक्षाको रुपमा इन्टरनेटलाई माध्यम बनाएको छ । तर, हुनेखाने परिवार समक्ष मात्र इन्टरनेट पुगेको अवस्थामा गरिब, विपन्न बालबालिकाहरु सो पहुँचबाट बञ्चित छन् ।

तसर्थ नेपालको शिक्षा क्षेत्रमा विशेषत: विद्यालय तहमा हुन सक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्नु आवश्यक छ । रमाई-रमाई विद्यालय जाने उमेरका बालबालिका घरमै थुनिएर बस्नुपर्दा उत्पन्न हुने मनोवैज्ञानिक असरलाई समेत ध्यानमा राखेर विद्यालयहरूमा पठनपाठन नियमित नहुन्जेल वैकल्पिक तरिकाबाट सबैको पहुँचको आधारमा घरमा बसेका बालबालिकालाई सिक्ने अवसर प्रदान गर्न जरुरी छ ।

# काँग्रेस सप्तरीद्वारा दिनहुँ प्रदर्शन





**राजविराज**/नागरिकता बिधेयकको खारेजी लगायत अन्य माँगसहित नेपाली काँग्रेस सप्तरीले दुई सातादेखी राजविराजमा दिनहुँ नयाँ-नयाँ शैलीमा बिरोध प्रदर्शन गर्दै आएको छ ।

काँग्रेसका नेता कार्यकर्ताहरुले कहिले नाचगानका, कहिले प्रधानमन्त्रीको पुतला दहन, कहिले सांकेतिक रुपमा मलामीसहित बिरोध प्रदर्शनमा गर्दै आइरहेका छन् ।

यस्तै काँग्रेस सप्तरीका नेता कार्यकर्ताहरुले भ्रष्टाचारी, निरंकुश र बलात्कारी सरकार लेखेको कालो ब्यानर ओढेर प्रदर्शन गरेका छन् ।

राजविराजस्थित पार्टी कार्यालयबाट निस्केको बिरोध प्रदर्शनमा नागरिकता विधेयक खारेजी, अव्यवस्थित क्वारेनटाइनलाई व्यवस्थित गर्न, किसानहरुलाई सहुलियत दरमा मलखादको व्यवस्था गर्न, पिसिआर परिक्षणको दायरा बढाउन लगायत प्रधानमन्त्रीको राजिनामा समेत समेत गरेका छन् ।

# स्थानियले जग्गा दान गरेपछि १५ शैयाको अस्पताल निर्माण हुँदै

**राजविराज**/सप्तरीको अग्नीसाइर कृष्णासवरण गाउँपालिका वडा नं. ६ मा १५ शैयाको अस्पताल निर्माण हुने भएको छ ।

स्थानीय चार जनाले साढे ६ कट्ठा क्षेत्रफलको जग्गा दान गरेपछि वडा नं. ६ स्थित रतवला महुलीमा १५ शैयाको अस्पताल निर्माण हुने भएको हो ।

स्थानिय हेमनाराण चौधरीले चार कट्ठा, देवकान्त चौधरीले एक कट्ठा १० धुर तथा सबुरलाल चौधरी र सुरतलाल चौधरीले १०/१० धुर जग्गा दान गरेको वडा अध्यक्ष कुसुम आचार्यले जानकारी दिइन् । पूर्वपश्चिम लोकमार्गदेखि करिब २०० मिटर उत्तरतर्फ निर्माण हुन लागेको उक्त अस्पतालको कूल लागत पाँच करोड रहेको अस्पतालकी संयोजक समेत रहेकी वडाध्यक्ष आचार्यले जानकारी दिइन् ।

अस्पताल निर्माणस्थलमा बिहीबार आयोजित एक समारोहका बीच गाउँपालिकाका अध्यक्ष पर्शुराम चौधरी, वडा अध्यक्ष आचार्य र जग्गा दाताहरुले संयुक्त रुपमा अस्पताल भवनको बिहीबार शिलान्यास गरियो ।

## ट्र्याक्टर दुर्घटनामा युवकको मृत्यु

**राजविराज**/सप्तरीको राजगढ गाउँपालिकामा खेत जोत्ने क्रममा आफैले चलाएको ट्र्याक्टरले च्यापिएर एक यूवकको मृत्यु भएको छ ।

सो गाउँपालिका वडा नं. ४ निवासी ३० वर्षीय अनिलकुमार मण्डलको बुधबार बिहान खेत जोत्ने क्रममा अचानक ट्र्याक्टर पल्टिएर च्यापिएर मृत्यु भएको हो ।

स.१त. ५८७६ नं. को ट्र्याक्टर चलाएर खेत जोत्ने क्रममा च्यापिएर उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

यता मृतक मण्डल सेभ द सप्तरीका कर्मचारीसमेत रहेको संस्थाका अध्यक्ष ध्रुबप्रसाद देवले बताएका छन् । उनको निधनले संस्थाले इमान्दार कर्मचारी गुमाएको भन्दै अध्यक्ष देवले दु:ख व्यक्त गरेका छन् ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी

०३१-५२२५२३

# परिपक्क कुटनीतिक सम्वाद कहिले ?



रामसुकुल मण्डल

प्रतिनिधिसभामा राष्ट्रिय अखण्डताका पक्षमा दलहरुले अभूतपूर्व एकता देखाउदै निशान छापमा नयाँ नक्साको आकृति राख्न दर्ता गरिएको विधेयक पारित भएको छउ । कालापानी, लिपुलेक र लिम्पियाधुरालाई नेपालको नक्सामा राखेर जारी गरिएको नक्सालाई संविधानमा समेट्नका लागि निशान छाप परिवर्तन गर्नुपर्ने थियो । सोही छाप परिवर्तनका लागि संविधानको अनुसूची ३ संशोधन गर्न ल्याइएको संविधान संशोधन विधेयक संसदले सर्वसम्मतले पारित गरेको हो ।

जेठ ३१ गते संसदमा भएको मतदानमा कसैले पनि विपक्षीमा मतदान गरेनन् । २७५ सांसदमध्ये उपस्थित भएका २५८ सांसदले पक्षमा मतदान गरेका थिए । विपक्षी र मत दिन्न भन्ने पक्षमा कोही पनि सांसदले मतदान गरेनन् । ‘नेपालको संविधान दोस्रो संशोधन विधेयक २०७७, लाई पारित गरियोस् भन्ने प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने पक्षमा जम्मा २५८ मत, प्रस्तावको विपक्षीमा अर्थात हुन्न भन्ने पक्षमा शुन्य मत र प्रस्तावको मत दिन्न भन्ने पक्षमा शुन्य मत परेको छ ।

नेपालको संविधान दोस्रो संशोधन विधेयक २०७७, लाई पारित गरियोस् भन्ने प्रस्तावको पक्षमा २५८ मत परेको र उक्त सख्या प्रतिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य सख्या २७५ को दुई तिहाईभन्दा बढि मत भएकोले नेपालको संविधान दोस्रो संशोधन विधेयक २०७७, लाई पारित गरियोस् भन्ने प्रस्ताव दुईतिहाई बहुमतभन्दा बढि मतबाट पारित भएको घोषणा गर्दछु’, भनेर सभामुख अग्नी सापकोटाले घोषणा गरेपछि संसदमा तालीको गड्गडाहट गुञ्जिएको थियो ।

संसदमा दलहरुबीच कुनैपनि विषयमा देखिएको यो ऐतिहासिक एंव अभूतपूर्व एकता हो । यसअघि यस्ता एकता विरलै देख्न पाइन्थ्यो । संसदमा प्रतिनिधित्व गर्ने सवै दलले राष्ट्रिय अखण्डताका विषयमा नेपालीलाई कसैले पनि तोड्न नसक्ने सन्देश दिदै पक्षमा मतदान गरेका हुन् । विगतमा कतिपय विषयमा दलहरुबीच मतभेद रहदै आएको छ । संविधान जारी गर्ने विषयमा होस् वा अन्य विषयमा पक्ष विपक्ष लिएका दलहरु सीमाका विषयमा भने एकजुट भएका छन् ।

राष्ट्रिय सभामा उक्त विधेयक सर्वसम्मतले पारित गरेको छ । अब राष्ट्रिय सभाले संशोधन विधेयक पारित भएको सन्देश प्रतिनिधिसभालाई पठाउनेछ । त्यसपछि सभामुख अग्निप्रसाद सापकोटाले प्रमाणित गरेर प्रमाणीकरणका लागि राष्ट्रपति विद्यादेवी भण्डारीकहाँ पठाउनेछन् । राष्ट्रपतिले उक्त विधेयक प्रमाणीकरण गरेपछि संशोधन कार्यान्वयनमा आउछ । त्यसपछि नेपालको निसान छापमा नयाँ नक्सा राखेर कामकाजमा आउनेछ ।

कार्यान्वयनमा आएपछि नेपालको निशान छाप प्रयोग हुने सम्पूर्ण सरकारी लेटरप्याड, होर्डिङ् बोर्ड र ब्याचजस्ता सामग्रीहरू परिवर्तन गर्नु पर्ने हुन्छ । विधेयक जारी भएपछि दार्चुला जिल्लामा रहेको पश्चिमपट्टिको भागमा लामो चुच्चो देखिनेछ । जहा लिम्पियाधुरा, कालापानी र लिपुलेक समावेश भएका हुनेछन् ।

संविधानका कतिपय विषयलाई लिएर चरम असन्तुष्टी पालेका मधेशी दलले समेत संविधान संशोधनको यस घडीलाई ऐतिहासिक करार गरेर एकता प्रर्दशन गरेका छन् । अनेकन असहमति एकातिर थन्काएर राष्ट्रिय एकता र सार्वभौमसत्ताको पक्षमा उभिन कुनै दल जात धर्म अनि स्थान विशेष नहुने भन्दै सीमा रक्षाका लागि हिमाल पहाड र तराई एक भएको सन्देश दिए ।

राजपा नेता राजेन्द्र महतोले जनसंख्या र भूगोल दुबै हिसाबले मधेश सीमाको सिपाही भएको भन्दै राष्ट्रियताका सवालमा मधेशीको अग्नि परीक्षा लिन बन्द गर्नुपर्ने भनाई राखे । संसदमा बोल्दै गर्दा उनले भने, ‘तपाईंले राष्ट्रघाती भने पनि प्रत्येक मधेशीले सिपाही भएर सीमाको रक्षा गरेको छ । कति पटक अग्नि परीक्षा दिने हामीले ? सभामुख महोदय, यो संविधानप्रतिको यावत असन्तुष्टिका बावजुद हाम्रो पार्टी भूमि फिर्ता ल्याउन गरिन लागिएको यो संसोधन विधेयकको सहर्ष समर्थन गर्छ ।’

समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले कालापानी, लिपुलेक र लिम्पियाधुरामा विवाद रहेको विषयमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले वि. सं. २०७१ मा पनि स्वीकार गरेको स्मरण गराएका छन् । संविधान संशोधनको समर्थन गर्दै उनले भारतसँग गरिएको महाकाली सन्धि पनि सच्याउनुपर्ने बताएका छन् ।

पछिल्लोपटक संविधान निर्माणका बेला मधेशी दलहरुले निर्वाह गरेको भूमिकाका कारण उनीहरुमाथि केही आशंका उत्पन्न गरेको छ । संविधान जारी गरेपछि मधेशी दललाई देखाएर भारतले नाकाबन्दी गरेकाले केही आशंका उत्पन्न भए पनि मधेशी समुदायको राष्ट्रवाद सुगौली सन्धिकै बेला परीक्षण भइसकेकाले आशंका गर्न आवश्यक छैन । सन् १८१६ मा नै ब्रिटिस इस्ट इन्डिया कम्पनीले तराईमा बस्नेलाई नेपालमा बस्ने वा ब्रिटिस भारतमा भनेर सोध्दा उनीहरूले नेपालमै बस्ने निर्णय गरेकाले राष्ट्रियताको विषयमा उनीहरूलाई शंका गर्नु उचित होइन । विगतमा राष्ट्रको हितविपरीत भएका सन्धि सम्झौता पनि मधेशले गरेको होइन । त्यसैले संसदमा मधेशका नेताहरुले उठाएका विषय जायज हो र उनीहरुको राष्ट्रियतामाथि शंका गर्नु गलत हो । बरु मधेशभन्दा पहाडमा बस्ने नेताहरुको आचरण र व्यवहार शंकास्पद छ ।

**अबको बाटो**

अहिले राजनीतिक र प्रशासनिक नक्सा सार्वजनिक गर्दा प्रधानमन्त्री केपी शर्मा ओलीलाई मिलेको राष्ट्रिय बल र एकता उल्लेख्य छ । अहिलेकै जस्तो परिपक्वता अबको कूटनीतिक संवादका क्रममा पनि जरुरी छ । भारतसँग संवादको उपाय र अबको बाटोबारे बहस जरुरी भइसकेको छ । त्यसैले भारतसँग विषयलाई ‘डिस्ट्रयाक्ट’ र ‘डाइल्युट’ गर्ने राम्रो क्षमता रहेकाले यसबारे पनि चनाखो हुनुपर्छ । अब भारतसँग हुने सहमति-समझदारीको कुरामा कूटनीतिज्ञ र राजनीतिज्ञ दुवैमा दक्षता देखा पर्नु जरुरी छ ।

पछिल्लो पटक भारतका रक्षामन्त्री राजनाथ सिंहले समेत वार्तामार्फत समाधान खोजिने बताएका छन् । त्यहाँका केही प्रतिपक्षी दलले समेत नेपालसँगको सम्बन्ध नबिगार्न र अविलम्ब वार्ता गर्न सुझाएका छन् । नेपाल भित्र पनि वार्ताबाटै सीमा विवादको हल खोज्नु पर्ने विचारहरु आइरहेको छ ।

त्यसकारण वार्ताबाट नै अपेक्षित परिणामको प्रयास गर्दै निरन्तर सकारात्मक, समन्वयात्मक तथा सबल हिसाबको कूटनीतिक तथा राजनीतिक कौशल प्रदर्शन गरिनु पर्ने अपरिहार्य छ ।

कालापानी, लिपुलेक र लिम्पियाधुरा विवादलाई अन्तर्राष्ट्रियकरण गर्ने कि नगर्ने र गर्न मिल्ने कि नमिल्ने भन्ने विषयमा जनचासो बढेको देखिन्छ । सरकार अहिले यस विषयलाई अन्तर्राष्ट्रियकरण गर्नेभन्दा पनि वार्ताको माध्यमबाट समस्याको हल निकाल्ने पक्षमा देखिएको छ ।

नेपाल र भारत दुवै पक्षलाई आफ्नो इच्छाअनुसारको शान्तिपूर्ण उपायद्वारा समाधान गर्ने अधिकार छ । अब नेपालले हिमाल, पहाड, मधेश सबै एकमत र एकजुट भई तथ्यसहित भारतसँग वार्ता गर्नुपर्छ । भारत सरकारसँग वार्ता गर्दा नेपाल सरकार आफ्नो अडानमा डग्मगाउन हुँदैन । त्यसैले नेपालले अब प्रभावकारी र चनाखो भएर कूटनीति अपनाई आवश्यक प्रमाण र विज्ञहरूको व्यवस्था गरी परिणाममुखी वार्ता गर्नुपर्छ ।

नेपाल र भारतबीच १,८८० किलोमिटरभन्दा बढी खुला सिमाना छन् । यसकारण यसमा दुवै देशका गहन सुरक्षा चासो, चुनौती र स्वार्थहरु पनि गाँसिएको छ । उक्त वास्तविकतालाई आत्मसात् गर्दै नेपालले आरोप-प्रत्यारोप होइन, भारतको उच्च राजनीतिक तहमा वार्ताका लागि सार्थक पहल गर्न ढिलाइ हुनु हुँदैन । उच्च कूटनीतिक कौशलका साथ भारतसँग वार्तामार्फत नेपाल-भारतवीच विद्यमान सबै सीमा विवाद समाधान गर्न सरकारले सम्पूर्ण सामर्थ्य र ऊर्जा प्रयोग गर्नुपर्छ । नेपालको नक्सालाई स्वीकार गरी कालापानीबाट सेना फिर्ता लैजान भारतलाई सहमत गराउन सक्नुपर्छ । उक्त जिम्मेवारी चुनौतीपूर्ण भए पनि असम्भव भने छैन । २०२६ सालमा पनि चिनियाँ सीमाका सत्रवटा भारतीय सैनिक पोस्ट फिर्ता गराउन नेपाल सफल भएको थियो ।

*(मधेश दर्पण फिचर सेवा)*


NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

“नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।”

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

अनुरोधकर्ताः जयनारायण मण्डल, अध्यक्ष
राजविराज नगरपालिका वडा नं. ८



NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

“नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।”

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

अनुरोधकर्ताः शम्भु प्रसाद यादव, अध्यक्ष
राजविराज नगरपालिका वडा नं. ९

# चट्याङ लागेर सप्तरीमा एक तथा बारा र सर्लाहीमा ५ जनाको मृत्यु

**राजविराज**/वर्षासँगै बिहीबार बिहान परेको चट्याङ लागेर सप्तरीमा एक जनाको मृत्यु भएको छ। यस्तै सोही दिन बारामा ४ र सर्लाहीमा १ जना गरि ६ जनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन्।

आफ्नै खेतमा हलो जोती आलिमा बसिरहेको अवस्थामा सप्तरीको डाक्नेश्वरी नगरपालिका ८ निवासी ७० वर्षिय धर्मी साहको चटयाङ लागेर घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

त्यस्तै नजिकै खेतमा काम गरिरहेकी सोही स्थान निवासी १७ वर्षिया कन्चना कुमारी साहलाई चट्याङ लागेर घाइते भएकी थिइन्।

यस्तै धान रोप्दै गरेको अवस्थामा चट्याङ लागेर बाराको कलैया उपमहानगरपालिका १२ सितलपुर बस्ने ३५ वर्षिया आशादेवी कोइरी महतो र सोही स्थान निवासी ४५ वर्षिया हलिमा खातुन तथा बाराकै फेटा गाँउपालिका १ त्रिबेणीस्थित खेतमा धान रोपी रहेको अबस्थामा अचानक परेको चटयाङग लागेर ३० वर्षिया सेन्डुदेबी र ४० वर्षिया सुनारपति देबीको पनि घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

सो घटनामा ५५ वर्षिया बच्चा देबी हजाम, ६० वर्षिया राजपति देबी, ३५ वर्षिया श्रीकान्ती देबी, ६० वर्षिया उमादेबी ठाकुर, २५ वर्षिया लिलावती देबी, ३५ वर्षिया सिसिता देबी र ६० वर्षिया सिलादेबी धोबी गम्भिर घाइते भएका छन्।

यसैगरि धान रोप्दै गरेको अवस्थामा सर्लाही जिल्लाको बागमति नगरपालिका १० निवासी १८ वर्षिय छोटु पासवानको चट्याङ लागेर मृत्यु भएको छ। सोही घटनामा कमलादेबी मुखिया र वडा नं. ८ की सुनमाया बस्नेत घाइते भएकी छिन्। चट्याङ लागि बेहोस भएका तीनै जनालाई उपचारको लागी बरहथवातर्फ लैजाँदै गर्दा छोटु पासवानको मृत्यु भएको प्रदेश २ प्रहरी कार्यालय जनकपुरले जनाएको छ।

यसअघि सप्तरीमा गत बिहीबारै चट्याङ्ग लागेर एक महिलासहित चार जनाको मृत्यु भएको थियो भने दुई जना घाइते भएका थिए।

# नागरिकता संशोधन विधेयकको बिरोध

**राजविराज**/नागरिकता संशोधन विधेयकको बिरोधमा जनता समाजवादी पार्टीले मंगलबार सप्तरीसहित देशभरी प्रदर्शन गरेको छ।

वैवाहिक अगिकृत नागरिकताको ७ बर्षे प्रावधान खारेजको माँगसहित महिलासँगको विभेद अन्त्य गर्न, बेटीरोटीको सम्बन्ध विगार्न नपाइने, मधेशी माथिको अत्याचार बन्द गर्न लगायतको माँग गर्दै बिरोध जुलुस प्रदर्शन गरेको हो।

सो प्रदर्शनमा प्रदेश मन्त्री, पार्टीका केन्द्रिय पदाधिकारी, निर्वाचित जनप्रतिनिधि, जिल्ला नेतालगायतको सहभागीता रहेको थियो।




सहभागिहरुले प्रधानमन्त्री विरुद्ध समेत चर्को नारावाजी गरेका थिए। महिलाहरुको उल्लेख्य सहभागीतामा स्थानिय शिवमन्दिरको प्राङ्गनबाट निस्केको जुलुस नगरपरिक्रमा पश्चात् स्थानिय गजेन्द्र चौकमा पुगी विरोध सभामा परिणत भएको थियो।

विरोध सभाका सहभागी वक्ताहरुले सरकारले नागरिकता सम्बन्धी ल्याएको संशोधन विधेयक मधेश विरोधी रहेको आरोप लगाउँदै सरकारले निरंकुश शैलीमा नागरिकता विधेयक ल्याएर मधेश प्रतिको विभेद मात्र नभएर सदियोदेखि भारतसँग रहेको रोटी र बेटीको सम्बन्ध बिर्गान खोजेको आरोप समेत लगाएका छन्।

जनता समाजवादी पार्टीका नेता केदार यादवको अध्यक्षतामा आयोजित विरोध सभालाई प्रमुख अतिथि प्रदेश २ का समाजिक विकास मन्त्री नवल किशोर साह, संघिय सांसद डा. सुर्य नारायण यादव, जनता समाजवादी पार्टीका नेता गजेन्द्र मण्डल, अमरनाथ मण्डल, दिपेन्द्र चौधरी, दिनेश यादव, नगरप्रमुख शम्भु यादव, शैलेश साह, शिव नारायण साह, गाउँपालिका प्रमुख सतिश सिंह, हरेराम यादव, दयानन्द गौईत, महिला नेतृ साधना झा, पुनम यादव लगायतले संशोधन विधेयक खारेज नभएसम्म सडक र सदन दुवै ठाउँबाट संघर्ष जारी राख्ने बताए।







# समयमै वर्षा भएपछि किसानहरु खेती गर्न व्यस्त

**राजविराज**/ असार १५ गतेदेखी देशभर रोपाई सुरु भएको छ । तर, सिंचाईको उचित सुविधा नपुगेको सप्तरी जिल्लामा भने यस पटक वर्षाले साथ दिएपछि किसानहरु धान रोप्न व्यस्त छन् ।

यसपटक समयमै वर्षा भएपछि पानीको अभाव नभएपनि रोपाईका बेला चाहिने मलखादको अभाव भने यथावतै रहेको छ । समयमै मलखाद उपलब्ध हुन नसक्दा किसानहरु समस्यामा परे पनि जेनतेन गरि धान खेती सम्पन्न गरिरहेका छन् ।

सरकारी सहुलियतमा उपलब्ध हुने मलखाद किसानहरुको हातमा पर्न नसक्दा उनीहरुको चिन्ता झनै बढेको छ । तै पनि उनीहरु सोही मलखाद बजारबाट बढी मुल्यमा खरीद गरि जसोतसो काम निकालिरहेका छन् ।



देशकै सबैभन्दा पुरानो चन्द्र नहर, कोशी पश्चिमी नहर र कोशी पम्प नहर गरि तीन तीन वटा नहरहरुबाट सिंचाई सुविधा व्यवस्था गरिए पनि मर्मत सम्भारको अभावले गर्दा कमान्ड क्षेत्र भित्र पानी पुग्न नसकेका कारण जिल्लाका अधिकांश भू-भागमा धान खेतीका लागि आकाशे भर पर्नु पर्ने अवस्था छ ।

सप्तरीमा कूल ७० हजार हेक्टर खेती योग्य जग्गा रहेको छ । जसमध्ये ५९ हजार २ सय ५७ हेक्टर जग्गामा धान खेती हुँदै आएको छ । कृषि ज्ञान केन्द्र राजविराजका प्रमुख राजेन्द्र यादवका अनुसार जिल्लामा हालसम्म करिब २१ प्रतिशत जग्गामा धान रोपाई भइसकेको छ ।

# बाटो बनाउने क्रममा बालकको मृत्यु

**राजविराज**/बाटो मिलाउने क्रममा रोलरको कम्पन्नबाट घरको इटाको पर्खाल लड्दा थिचिएर १० वर्षिय बालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सप्तरीको खडक नगरपालिका १ का सिस्वाका १० वर्षिय बालक शिवकुमार मण्डल रहेका जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

वडा कार्यालयद्वारा भित्रि गाँउको वाटो बनाउने क्रममा सोही नगरपालिका बा.२क. ९८६३ नम्बरको रोलरले बाटो समयाउने क्रममा कम्पनले बाटो छेउमा रहेको घरको ईट्टाको पर्खाल लड्दा थिचिएर बालक मण्डलको घटनास्थलमै मृत्यु भएको थियो ।

# स्वास्थ्य सामाग्रि प्रदान

**राजविराज**/सेभ द चिल्ड्रेन तथा सेभ द सप्तरीको साँझेदारीमा राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताललाई कोरोनाको संक्रमणबाट स्वास्थ्यकर्मीहरुलाई बच्नका लागि स्वास्थ्य सामग्री प्रदान गरिएको छ ।

सेनिटाइजर, स्पेयर, पिपिई, ग्लब्स, माक्स, हाइजिङगकिट लगायतका बिभिन्न स्वास्थ्य समाग्रीहरु अस्पतालका मेसु डा. रन्जित झालाई प्रदान गरिएको हो ।

करिब ४९ हजार ९ सय ४६ रुपैया मुल्य उक्त स्वास्थ्य सामग्री सेभ द सप्तरीका अध्यक्ष धुव्रप्रसाद देवले बताए ।

यस्तै सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा तृप्ती मेमोरियल नाक, कान तथा घाँटी अस्पताल तिलाठीद्वारा स्वास्थ्यकर्मीलाई शुक्रबार ब्यक्तिगत सुरक्षा उपकरण वितरण गरिएको छ ।

सो अवसरमा तिलाठी कोइलाडी गाउँपालिकाको स्वास्थ्य शाखाका स्वास्थ्यकर्मी तथा आठ वटै स्वास्थ्य संस्था प्रमुख, छिन्नमस्ता गाउँपालिकाको वरहीविरपुर र लोखरम स्वास्थ्य संस्था, राजविराज नगरपालिका वडा नं. १३ र १५, भारदह अस्पताल र बरमझिया स्वास्थ्य संस्थालाई ब्यक्तिगत सुरक्षा उपकरण, साबुन र मास्कवितरण गरिएको अस्पतालका मनोज कुमार झाले जानकारी दिए ।


NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

अनुरोधकर्ता : चन्द्र शेखर चौधरी, अध्यक्ष
राजविराज नगरपालिका वडा नं. १


## अन्तर्राष्ट्रिय समाचार

### पाकिस्तानमा बस र ट्रेन जुध्दा २० जना तीर्थयात्रीको मृत्यु

**इस्लामाबाद**/पाकिस्तानमा एउटा यात्रुबाहक बसलाई शुक्रबार बाटो काट्नेक्रममा ट्रेनले ठक्कर दिँदा बसमा यात्रारत कम्तीमा २० जना सिख तीर्थयात्रीको मृत्यु भएको छ । उक्त दुर्घटनामा अरु ८ जना गम्भीर घाइते भएको उद्धारकर्मी एवं प्रहरीले बताएका छन् । यात्रुबाहक बसमा पाकिस्तानको पंजाबस्थित नानकाना साहिबबाट फर्कदै गरेका सिख तिर्थयात्री रहेको पाकिस्तानी संचार माध्यमहरुले जनाएका छन् । उक्त बस रेलको लिक पार गर्नेक्रममा दुर्घटनामा परेको थियो । स्थानीय प्रहरीका अनुसार कराँचीबाट लाहोरतर्फ गइरहेको शाह हुसेन एक्सप्रेस ट्रेनले फारुकाबाद रेल्वे स्टेशन नजिक यात्रुबाहक बसलाई दिउँसो करिब १.३० बजे ठक्कर दिएको थियो । पाकिस्तानी अखबार दी डनका अनुसार दुर्घटनामा अरु ८ जना गम्भीर घाइते भएका छन् । घाइतेहरु सबैलाई शिखपुरास्थित जिल्ला अस्पतालमा भर्ना गरिएको छ । पाकिस्तानी रेल्वे मन्त्रालयले उक्त दुर्घटना शिखपुरा नजिकै भएको र मन्त्रालयले अनुसन्धान शुरु गरिसकेको जनाएको छ । बसमा करिब २५ जना यात्रारत थिए । उक्त बसका यात्रीहरु पेशावरतर्फको यात्रामा थिए । एजेन्सी

### चीन-भारत सीमा क्षेत्रको भ्रमणमा मोदी, सेनाको मनोबल बढाउने प्रयास

**श्रीनगर**/भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चीनसँगको सीमा जोडिएको विवादित क्षेत्रमा तैनाथ भारतीय सेनाको मनोबल उच्च बनाउन शुक्रबार त्यस क्षेत्रको स्थलगत भ्रमण गर्नु भएको छ । गत महिना लद्दाख क्षेत्रको गलवान उपत्यकामा चिनियाँ सेनासँगको मुठभेडमा २० जना भारतीय सेनाको मृत्यु भएपछि दुबै देशबीच तनावको अवस्था छ । दुई मुलुकबीच लामो समयदेखि विवादको रुपमा रहेको लद्दाखमा ४५ वर्षयता पहिलो पटक सबैभन्दा ठूलो संख्यामा भारतीय सैनिकको मृत्यु भएको थियो । उक्त सैन्य मुठभेडका क्रममा केही चिनियाँ सैनिकको पनि मृत्यु भएको भारतले दाबी गरेको छ, तर चीन सरकारले यस बारेमा आधिकारिक केही बताएको छैन । भारतीय सेनाका प्रमुख प्रधानसेनापति सहित उक्त क्षेत्रमा पुग्नु भएका प्रधानमन्त्री मोदीले दुबै सेनाबीच मुठभेड भएको क्षेत्र नजिकको भारतीय सैन्य अखडामा पुगेर स्थलगत जानकारी लिनु भएको थियो । त्यस अवसरमा भारतीय सैनिकलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो, "यस विषम परिस्थितिमा तपाइँहरु भारतीय मातृभूमिका रक्षकहरुका रुपमा खटिनु भएको छ, तपाइँहरु मुलुकको रक्षाकवच हो ।" उहाँले अगाडि भन्नुभयो, "भारतीय आमाका दूश्मनहरुले तपाइँहरुको शौर्य पक्कै देखेका होलान् ।"

चीनको नाम नलिई प्रधानमन्त्री मोदीले "विस्तारवादको युग सकिएको" बताउँदै "विस्तारवादले मानवतालाई कसरी विनाशको अवस्थामा पुयाउँछ भन्ने इतिहासले देखाइसकेको छ" भन्नुभयो । उहाँले भन्नुभयो, "भारतले जहिल्यै विश्वमा शान्तिको मार्ग अबलम्बन गरेको तर कमजोर पक्षले कहिल्यै शान्तिप्रतिको अग्रसरता लिन सक्दैन । बहादुरी र साहस शान्तिका लागि अनिवार्य शर्त हुन् ।" चीन र भारत दुबैबीचको सम्बन्ध विगतदेखि नै त्यति प्रगाढ हुन सकेको छैन । दुबै पक्षले मुठभेडका लागि एकअर्कामाथि दोषारोपण गरिरहेका छन् । दुबै देशले यस क्षेत्रमा हजारौं थप सैनिक पठाइसकेका छन् । साथै, दुबै देशबीच सैन्य तहमा धेरै चरणमा वार्ताहरु भइसकेका छन् र झिनो प्रगतिमात्र भएको छ । सामाजिक संजालमा एकअर्का मुलुकविरुद्ध गालीगलौज हुन थालेपछि भारतले चीन लक्षित केही आर्थिक प्रतिबन्धहरु घोषणा गरेको छ ।

यी प्रतिबन्ध खासगरी प्रविधि र पूर्वाधार निर्माणका क्षेत्रतर्फ लक्षित छन् । भारतले निकै लोकप्रिय टिकटक समेत चीन प्रवर्द्धित ५९ वटा चिनियाँ मोबाइल एप्स भारतीय सुरक्षामा खतरा भन्दै भारतमा चल्न नसक्ने गरी बन्द गरिदिएको छ । चीनबाट आयात भएका तर भारतका ठूला फर्मास्युटिकल उद्योगका लागि चाहिने कच्चा पदार्थ ठूलो मात्रामा भारतीय भन्सारमा थन्किएका छन् । भारत सरकारले आफ्ना विद्युत गृहका लागि आवश्यक उपकरणहरु चीनबाट खरिद नगर्ने तथा नयाँ सडक परियोजनामा चिनियाँ निर्माण कम्पनीलाई काम नदिने निर्णय समेत गरेको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजियानले शुक्रबार आयोजित नियमित पत्रकार सम्मेलनमा सीमा क्षेत्रको विषयलाई लिएर भारतमा उत्पन्न परिस्थितिका बारेमा चीनले सूक्ष्म रुपमा विश्लेषण गरिरहेको बताउनुभयो । एजेन्सी

### इङ्ल्याण्ड प्रवेश गर्दा ५० मुलुकका पर्यटकका लागि क्वारेन्टिनको व्यवस्था खारेज, अमेरिकाका लागि निरन्तरता

**लण्डन**/कोरोनाभाइरसका कारण बढी प्रभावित यूरोपेली मुलुक फ्रान्स, इटली र स्पेनसहितका ५० मुलुकसँगको अवागमनलाई थप सहज पार्दै त्यहाँबाट इङ्ल्याण्ड आउने पर्यटकका लागि यही जुलाई १० देखि क्वारेन्टिनमा बस्नुपर्ने व्यवस्थाको अन्त्य गरेको बेलायत सरकारले शुक्रबार जानकारी गराएको छ तर अमेरिकाका लागि भने यो व्यवस्थालाई निरन्तरता दिइएको छ ।

यद्यपि स्कटल्याण्ड, वेल्स, नर्दन आयरल्याण्डले भने यस विषयमा आफ्नै किसिमले निर्णय गर्ने सरकारले जनाएको छ । बेलायतका यातायात मन्त्री ग्रचान्ट शेप्सले भन्नुभयो, "विदेशबाट आउने व्यक्तिका लागि दुई हप्तासम्म क्वारेन्टिनमा बस्नुपर्ने जुनमा व्यवस्था गरिएको नीतिलाई परिवर्तन गर्दै ती मुलुकबाट जुलाई १० देखि इङ्ल्याण्ड प्रवेश खुला गरिन लागेको जानकारी गराउनुभयो ।

शेप्सले भन्नुभयो, "प्रवेशका लागि खुला गरिएका ५० मुलुकको विवरण शुक्रबार नै सरकारले उपलब्ध गराउनेछ ।"

सरकारले कोरोना भाइरस महामारीबीच विभिन्न मुलुकबाट आउने पर्यटकलाई ट्राफिक लाइट प्रणाली अन्तर्गत रातो, पहेँलो र हरीयो रङमा विभक्त गरी सोही अनुसार जोखिम न्यूनिकरणका पायको अवलम्वन गर्ने बताएको छ । एजेन्सी

# पोखरीमा डुबेर बालकको मृत्यु

**राजविराज**/राजविराज नगरपालिका ११ स्थित फर्सेठमा शुक्रबार साँझ पोखरीमा डुबेर एक बालकको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार मृत्यु हुनेमा राजविराज नगरपालिका ११ बस्ने राजेन्द्र साहको ११ वर्षीय छोरा नन्दकिशोर रहेका छन्।

पोखरीमा नन्दकिशोरसहित चार जना केटा पोखरीमा नुहाउन गएको बोला सो घटना भएको हो। पोखरीमा डुबेर अचेत भएका उनलाई गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचार गराउन ल्याउने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

### *हनुमाननगरमा ...*

संख्या १ सय ३९ रहेको छ।

यता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा शनिबार साँझसम्मा संक्रमितको संख्या १५ हजार ४ सय ९१ पुगेको तथा निको हुनेको संख्या ६ हजार ४ सय १५ जना रहेको जनाएको छ। यस्तै कोरोनाको संक्रमणबाट ३५ जनाको मृत्यु भएको छ।



***राजविराज नगरपालिकाको पशिचम पट्टीको सडकको दुर्दसा :*** सामान्य वर्षामा समेत सडकमै दुई फिटसम्म पानी जम्ने गर्छ। सामान्य वर्षा हुँदा समेत वर्षाको पानी निकासको कुनै माध्यम नहुनाले सडकमै पानी जम्ने गर्दछ। वर्षौंदेखी यही अवस्था रहेपनि यसप्रति नगरपालिकाले कुनै चासो देखाउन सकेको छैन्। यस सडक छेउमा नाला रहेपनि जहिले पनि फोहरले भरिएको हुन्छ। जसकारण वर्षाको समयमा पसलहरुमा ग्राहक समेत आउँदैनन्। वर्षाको समयमा यस्तै अवस्था राजविराजका अधिकांश सडकहरुको रहेको छ। ***तस्बिर : नवीन साप्ताहिक***


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको व्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै व्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको व्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



## NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**



ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

- नियमित रूपमा साबुन-पानीले हात धुने।
- खोक्दा र हाच्छुं गर्दा नाक र मुख छोप्ने।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने।
- जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने।

**अनुरोधकर्ता :** रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी



स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ। यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस्।

**सम्पर्क**
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०११५२१७९३



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। (हाम्रो सेवाहरु)

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy | Best Remit Quick & Easy | prabhu Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money CHAUDHARY GROUP



**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*